# जिल्ला समितिले गर्नुपर्ने मुख्य कार्यहरु

| सि. नं. | कामको विवरण | जिल्ला समितिको भूमिका | | |
|---|---|---|---|---|
| | | आफैं गर्ने | स्थानीय तहले गर्ने र जानकारी लिने | अधिकार प्रत्यायोजन पश्चात जिल्ला समितिले गर्ने |
| (१) | जिल्ला समितिको कार्यालय व्यवस्थापन | √ | | |
| (२) | जिल्ला समितिमा कर्मचारी व्यवस्थापन | √ | | |
| (३) | आयोग र स्थानीय तहसँग कार्य सहमति पत्रमा हस्ताक्षरका लागि समन्वय गर्ने | √ | | |
| (४) | स्थानीय तहमा भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र स्थापना | | √ | |
| (५) | स्थानीय तहमा स्थानीय तह (वडा स्तरीय समेत) भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन सहजीकरण समिति गठन | | √ | |
| (६) | आयोगबाट सूचना प्रकाशन पश्चात लगत संकलन (निवेदन /लगत संकलन छुट समेत) | √ | √ | |
| (७) | अनुसूची ६ बमोजिम लगत प्रविष्टिकरण पश्चात प्राप्त हुने निवेदन दर्ताको निस्सा वितरण | | √ | |
| (८) | आयोगबाट नापी प्राविधिकको व्यवस्थापनमा पहल कदमी | √ | | |
| (९) | स्थानीय तहबाट थप नापी प्राविधिक व्यवस्थापन | | √ | |
| (१०) | जिल्ला समितिको समन्वयमा सदस्य सचिव (जिल्ला समिति गठन नभएको हकमा सदरमुकामस्थित नापी कार्यालयको प्रमुख) ले आयोगले सूचना प्रकाशन गरेका स्थानीय तहको कार्यक्षेत्रसँग सम्बन्धित नापी कार्यालयहरुमा नापी प्राविधिक खटाउने (सम्बन्धित नापी कार्यालयहरूले नापी टोली गठन गरी नाप जाँच गर्न स्थानीय तहहरुमा खटाउने) | √ | | |
| (११) | नाप नक्सासँग सम्बन्धित नापी प्राविधिकलाई तालिम संचालन | √ | √ | |
| (१२) | कार्यविधिको दफा १३ बमोजिम ऐनको दफा ५२ ख (४) र नियमको ४१ख.(४) अनुसार दिन नमिल्ने जग्गा बाहेकको नाप नक्सा गर्ने क्षेत्रको पहिचान, घेरा (चार किल्ला) यकिन र वर्गीकरण ((क) ऐलानी (ख) पर्ति, नदि उकास लगायतका सरकारी जग्गा र (ग) साविकको वन क्षेत्र जनिएको भए पनि आबादीमा परिणत भएको जग्गा | √ | √ | |
| (१३) | जग्गा नाप नक्साको योजना, नाप नक्सा गर्ने विधि तय गर्ने | √ | √ | |
| (१४) | भू उपग्रह चित्र, नाप नक्सा गर्ने उपकरण व्यवस्थापन | √ | √ | |

| | | | | |
|---|---|---|---|---|
| (१५) | आवश्यक परे नियन्त्रण विन्दु स्थापना, नाप नक्सा सुरु गराउने | √ | √ | |
| (१६) | वडा समिति र कार्यपालिकामार्फत भूमिहीन र अव्यवस्थित बसोबासीको प्रमाणीकरणको कार्य यथाशीघ्र गराउने | √ | √ | |
| (१७) | बुदा नं १२ मा तोकिएका क्षेत्रभित्र परी निवेदन दिने अव्यवस्थित बसोबासीको स्थानीय तहबाट प्रमाणीकरण गर्न सहयोग गर्ने, बुदा नं १२ मा तोकिएका क्षेत्र बाहिर बसोबास गर्ने वा कुनै जग्गा आबाद कमोत नगरेका भूमिहीनलाई वितरण गर्ने जग्गा पहिचान र यकिन गर्ने र नाप नक्सा गराउने | √ | √ | |
| (१८) | स्थानीय तहबाट प्रमाणीकरण भई आएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको नामावलीसहितको विवरणलाई आवश्यक जांचबुझपश्चात स्वीकृत गरी अनुमोदनका लागि आयोगमा पठाउने | | | √ |
| (१९) | विगतमा स्थानीय तहले गरेको नाप नक्साको आवश्यक चेक जाँच गर्ने | √ | √ | |
| (२०) | स्थानीय तहको क्षेत्र (गाउँपालिकाको हकमा ग्रामीण क्षेत्र, शहरोन्मुख क्षेत्र, शहरी क्षेत्र, गाउँपालिकाको केन्द्र, नगरपालिकाको हकमा ग्रामीण क्षेत्र, शहरोन्मुख क्षेत्र, शहरी क्षेत्र ) वर्गीकरणमा सहजीकरण गर्ने | √ | √ | |
| (२१) | थप स्थानीय तहमा समझदारी र सूचना प्रकाशनका लागि आयोगलाई अनुरोध गर्ने | √ | | |
| (२२) | नापी टोलीबाट प्रगति विवरण माग | √ | √ | |
| (२३) | आयोगबाट हुने अव्यवस्थित बसोबासीको वर्गीकरण, दस्तूर निर्धारण, जग्गा वितरणको निर्णय, श्रेस्ता पूर्जा निर्माण सम्बन्धी तालिमको पहलकदमी र तालिम संचालन गर्ने | √ | | √ |
| (२४) | नक्सा स्वीकृति, अव्यवस्थित बसोबासीको वर्गीकरण, जग्गाको मूल्यांकन, भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको हकमा भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट cross verification, जग्गा वितरणको निर्णय, आयोगबाट अनुमोदन र श्रेस्ता पूर्जा निर्माण | | | √ |
| (२५) | आयोगलाई मासिक प्रगति विवरण पेश | √ | | |